**नेपाल कानून आयोग**

## कानूनी संग्रहहरुलाई अद्यावधिक गर्ने र वेवसाइटमा प्रकाशन गर्ने सम्बन्धी कार्यविधि,२०७०

कानूनी संग्रहको रुपमा नेपाल कानून र नेपाल कानून सम्बन्धी दस्तावेजहरुलाई आयोगको वेवसाइटमा प्रकाशन गर्न र ती कानूनी संग्रहहरुलाई अद्यावधिक गरी नियमित, व्यवस्थित र पहुँचयोग्य बनाउन त्यसको विश्वसनीयता समेतमा अभिवृद्धि गर्न वाञ्छनीय भएकोले आयोगले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कानूनी संग्रहहरुलाई अद्यावधिक गर्ने र वेवसाइटमा प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, २०७०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोग" भन्नाले नेपाल कानून आयोग सम्झनु पर्छ ।

(ख) "वेवसाइट" भन्नाले नेपाल कानून आयोगको वेवसाइट www.lawcommission.gov.npसम्झनु पर्छ ।

(ग) "अद्यावधिक गर्ने कार्य" भन्नाले आयोगको वेवसाइटमा प्रकाशन गरिने नेपाल कानून सम्बन्धी प्रचलित तथा ऐतिहासिक सामग्रीहरुलाई विद्युतीय स्वरुपमा तयार गरी आयोगको वेवसाइटमा समावेश गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यसरी समावेश गर्नु अगाडी गरिने अनुवाद, परीक्षण, टाइप, प्रुफ रिडिङ र स्वीकृत गर्ने लगायतका काम कारवाहीलाई समेत जनाउनेछ ।

३. **नेपाल कानूनको विद्युतीय प्रकाशन गर्ने :** (१) आयोगले प्रचलित तथा हाल प्रचलनमा नरहेका नेपाल कानून र कानून सम्बन्धी अन्य महत्वपूर्ण ऐतिहासिक दस्तावेजहरुलाई वेवसाइटमा प्रकाशन गर्न सक्नेछ ।

(२) यसरी प्रकाशन गर्नु अघि उपरोक्त सामग्रीको स्रोत, आधिकारिकता र प्रकाशन गर्नु पर्ने अवस्था र कारण समेत परीक्षण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै खास सामग्रीहरु प्रकाशन योग्य भए नभएको वा ती सामाग्रीहरुको स्रोत, आधिकारिकता र प्रकाशन गर्नु पर्ने अवस्थाको निर्धारण गर्न आयोगले समय

समयमा आयोगको कुनै पदाधिकारी वा आयोगको अधिकृत कर्मचारीको संयोजकत्वमा कार्यदल गठन गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम सामग्रीको परीक्षण गरे पश्चात कार्यदलले गरेको सिफारिशको आधारमा आयोगले प्रकाशन सम्बन्धी निर्णय गर्नेछ ।

४. **वेवसाइटमा प्रकाशन गरिने सामग्रीहरु** : (१) आयोगले नेपाल कानून र कानून सम्बन्धी सामग्रीहरु नेपाली तथा अंग्रेजी भाषामा आफ्नो वेवसाइटमा प्रकाशन गर्नेछ ।

(२) आयोगले देहाय बमोजिमका सामग्रीहरु नेपाली भाषामा प्रकाशन गर्नेछ :-

(क) प्रचलित संविधान, ऐन, नियम, विनियम, ऐन अन्तर्गत बनेका निर्देशिका वा कार्यविधि र गठन आदेशहरु,

(ख) हाल प्रचलनमा नरहेका वा खारेज भैसकेका संविधान, ऐन र नियमहरु,

(ग) द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय सन्धि सम्झौता,

(घ) नेपाल सरकारका विभिन्न प्रचलित क्षेत्रगत नीतिहरु,

(ङ) आयोगले तयार गरेको मस्यौदा विधेयकहरु तथा व्यवस्थापिका-संसद समक्ष पेश भएका विधेयकहरु,

(च) कानून सम्बन्धी विभिन्न महत्वपूर्ण ऐतिहासिक दस्तावेजहरु,

(छ) संविधान, ऐन, नियममा भएका संशोधन सम्बन्धी व्यवस्थाहरु ।

(३) आयोगले देहाय बमोजिमका सामग्रीहरु अंग्रेजी भाषमा प्रकाशन गर्नेछ :-

(क) प्रचलित संविधान, ऐन, नियम, विनियम, र प्रचलित ऐन अन्तर्गत बनेका निर्देशिका वा कार्यविधिको अंग्रेजी अनुवाद,

(ख) नेपाल पक्ष भएका द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय सन्धी सम्झौताहरु,

(ग) नेपाल सरकारका विभिन्न प्रचलित क्षेत्रगत नीतिहरु,

(घ) कानून सम्बन्धी विभिन्न महत्वपूर्ण ऐतिहासिक दस्तावेजहरु,

(४) उपदफा (२) वा (३) बमोजिमका नेपाली वा अंग्रेजी भाषामा प्रकाशन गरिने सामग्रीहरु आवश्यकता अनुसार दफा ५ बमोजिम आयोगले अनुवाद गराई प्रकाशन गर्नेछ ।

५. **सामग्रीको अनुवाद तथा प्राथमिकता निर्धारण सम्बन्धी व्यवस्था** : (१) नेपालीबाट अंग्रेजी

भाषामा वा अंग्रेजी भाषाबाट नेपाली भाषामा अनुवाद गर्नुपर्ने विभिन्न नेपाल कानून र कानून सम्बन्धी दस्तावेजहरुको सूची र प्राथमिकताको निर्धारण देहाय बमोजिम हुनेछः-

(क) आयोगले हरेका आर्थिक वर्षमा अनुवाद गर्नु पर्ने वा अघिल्लो आर्थिक वर्षमा अनुवाद गर्न बाँकी रहेका कानूनी दस्तावेजहरुको सूची तयार गर्नु पर्नेछ ।

(ख) अनुवादका लागि उपरोक्त बमोजिम तयार गर्दा अघिल्लो आर्थिक वर्षमा अनुवाद गर्न बाँकी सूचीमा रहेका कानून वा कानूनी दस्तावेजहरुलाई सामान्यतया प्राथमिकतामा राखिनेछ ।

६. **अनुवादकको योग्यता** : (१) कानूनमा स्नातक गरी निजामती सेवाको राजपत्राङ्कित अधिकृतको रुपमा कार्यरत वा नेपाल नोटरी पब्लिक परिषदबाट कानूनी लिखत अनुवाद सम्बन्धी इजाजत पत्र प्राप्त व्यक्ति मात्र अनुवादका लागि योग्य हुनेछन् ।

(२) अनुवाद सम्बन्धी काम गराउदा अनुवादकको कानून अनुवाद सम्बन्धी पूर्व अनुभव, आयोगले अनुवादकलाई पहिले दिएको कामको गुणस्तर र समयमा कार्य सम्पन्न गरे नगरेको समेतका कुराहरुलाई विचार गरी अनुवादको काम दिन सक्नेछ ।

७. **अनुवाद गराउँदा विचार गर्नुपर्ने कुराहरु** : आयोगले अनुवाद गराउँदा देहायका कुरामा विचार गर्नेछः-

(क) अनुवाद प्रयोजनका लागि आयोगले दक्ष अनुवादकहरुको सूची तयार गर्नेछ । यस्तो सूची आयोगले समय समयमा अद्यावधिक गर्नेछ । सूचीकृत अनुवादकहरुमध्येबाट इच्छुक अनुवादकलाई समानुपातिक रुपमा अनुवाद सम्बन्धी काममा लगाउन सकिनेछ ।

(ख) अनुवाद गराउनु पर्ने कानूनहरुको सूची, अनुवाद सम्बन्धी कामको प्राथमिकता, कार्यबोझ र सो कार्यको लागि विनियोजित रकमको परिधिभित्र रही आयोगले अनुवाद सम्बन्धी कामको विधि र प्रक्रिया निर्धारण गर्नेछ ।

(ग) प्राथमिकता, कार्यबोझ र तत्काल प्रकाशन गर्नु पर्ने आवश्यकताका आधारमा आयोगले कुनै अनुवादको कार्य गर्न प्रतिस्पर्धा वा वार्ताको माध्यमबाट योग्य अनुवादकको चयन गर्न सक्नेछ ।

(घ) यसरी अनुवादक चयन गर्दा अनुवाद सम्पन्न गर्न सक्ने समयावधिलाई मुख्य आधार मान्नु पर्नेछ ।

(ङ) अनुवाद सम्बन्धी काम गराउँदा आयोगका सचिव वा निजले तोकेको अधिकृतबाट भएको निर्णय बमोजिम आयोगले कामको बाँडफाड गरी काम गराउन सक्नेछ ।

(च) अनुवादकले पेश गरेको अनुवादित कागजात अनुवाद सम्बन्धी विज्ञले परीक्षण गरी प्रमाणित गरी सकेपश्चात मात्र वेवसाइटमा प्रकाशित गरिनेछ ।

(छ) अनुवादित कागजात वेवसाइटमा अपलोड भैसकेपछि मात्र अपलोड भएको प्रमाणित गरिनेछ र सोही आधारमा अनुवादक तथा परीक्षकलाई पारिश्रिमिक भुक्तानी गरिनेछ ।

८. **<u>अनुवादको परीक्षण सम्बन्धी व्यवस्था</u> :** दफा ७ को खण्ड (च) मा उल्लेख भए बमोजिम अनुवाद भएको कागजातको परीक्षण सम्बन्धी कार्य गराउँदा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) आयोगले अनुवाद गराएका कागजातहरु आयोगको वेवसाइटमा अपलोड गर्नु अघि उक्त अनुवादलाई अनुवाद सम्बन्धी विज्ञबाट परीक्षण गराउनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम परीक्षण गराउने प्रयोजनको लागि आयोगले अनुवाद सम्बन्धी परिक्षकको रुपमा काम गर्न इच्छुक विज्ञहरुको सूची तयार गर्नेछ ।

(ग) दफा १ बमोजिम अनुवादकले पेश गरेको अनुवादित कागजात परीक्षणको लागि खण्ड (ख) बमोजिम सूचीकृत विज्ञहरुमध्ये कुनै विज्ञलाई दिन सक्नेछ ।

(घ) आफूलाई प्राप्त भएको अनुवादमा देखिएका त्रुटी र गल्तीहरु सच्याई सुधारका लागि आवश्यक सुझाव सहित उपलब्ध गराउनु विज्ञको दायित्व हुनेछ ।

(ङ) विज्ञको सुझाव सहित प्राप्त अनुवादित कागजात आयोगले पुनः अनुवादकलाई दिनेछ र अनुवादकले विज्ञको सुझाव अनुसार पूर्व अनुवादकलाई सुधार गरी पेश गर्नुपर्नेछ । त्यसरी पेश गरेको अनुवादित कागजात पुनः विज्ञ समक्ष पेश गरिनेछ र त्यसलाई अन्तिम रुप दिई विज्ञले स्वीकृत गरेपछि मात्र वेवसाइटमा प्रकाशन (अपलोड) का लागि अनुमति दिइनेछ ।

(च) अनुवाद परीक्षण सम्बन्धी काम गर्ने क्रममा कुनै अनुवादकको सम्बन्धमा परीक्षण गर्ने विज्ञलाई लागेको कुनै विशेष सुझाव परीक्षण सम्बन्धी विज्ञले अनुवादक र

आयोगलाई उपलब्ध गराउनु पर्नेछ । यस्तो सुझाव उपलब्ध गराउनु निजको कर्तव्य हुनेछ ।

(छ) परीक्षकको सुझावमा अनुवादमा अत्यधिक त्रुटी गर्ने अनुवादकलाई आयोगले सूचीबाट हटाउने सम्बन्धमा विचार गर्न सक्नेछ ।

९. **अनुवाद वापतको पारिश्रमिक सम्बन्धी व्यवस्था :** (१) नेपाल कानून अनुवाद गरे बापत आयोगले निर्धारण गरेको ढाँचामा कायम हुन आउने पेज बराबर प्रति पेज रु ५००।- (अक्षरेपी पाँच सय रुपैयाँ) का दरले पारिश्रमिक दिइनेछ । यस्तो पारिश्रमिकको दररेट आयोगले मूल्याङ्कन गरी मूल्याङ्कन बमोजिम समय सापेक्ष वृद्धि गर्न सक्नेछ ।

(२) अनुवाद परीक्षण गरे वापत विज्ञलाई प्रति पेज रु २५०।- (अक्षरेपी दुई सय पचास रुपैयाँ) का दरले पारिश्रमिक दिइनेछ ।

१०. **वेवसाइटमा प्रकाशन गरिने सामग्रीको टाइप र रुजु सम्बन्धी व्यवस्था :** (१) वेवसाइटमा प्रकाशन गरिने नेपाली वा अंग्रेजी भाषाको टाइप गराउँदा आयोगले आयोगको कुनै कर्मचारी वा अन्य व्यक्तिलाई देहाय बमोजिम पारिश्रमिक उपलब्ध गराउनेछ :-

(क) नेपाली भाषाको सामग्री टाइप गरे बापत प्रति पेज -रु ४६।-

(ख) अंग्रेजी भाषाको सामग्री टाइप गरे बापत प्रति पेज -रु ३४.५०।-

(ग) प्रुफ रिडिङ (रुजु) गरे बापत प्रति पेज -रु २३।-

(घ) अपलोड (प्रकाशन) गरे बापत प्रति पेज -रु ११.५०।-

(२) प्रुफ रिडिङ वा रुजु गर्ने सम्पादनकर्ताले प्रमाणित गरिसके पश्चात मात्र उपरोक्त सामग्री वेवसाइटमा अपलोड गरिनेछ ।

११. **वेवसाइटमा प्रकाशन (अपलोड) गर्ने सम्बन्धी व्यवस्था :** नेपाली वा अंग्रेजी भाषामा तयार भएको कुनै सामग्री वेवसाइटमा अपलोड गर्नु अघि आयोगको सचिव वा निजले तोकेको अधिकृतबाट स्वीकृत भएपश्चात मात्र वेवसाइटमा अपलोड वा प्रकाशन गरिनेछ ।

१२. **वेवसाइट व्यवस्थापन समिति :** (१) आयोगको वेवसाइटको व्यवस्थापनलाई अद्यावधिक र दुरुस्त बनाइ राख्ने प्रयोजनको लागि आयोगले एक वेवसाइट व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(१क) उपदफा (१) वमोजिमको वेवसाइट व्यवस्थापन समिति देहाय वमोजिमको हुनेछ :-

(क) उपसचिव, नेपाल कानून आयोग -संयोजक

(ख) उपसचिव,  कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(राय राजपत्र शाखा) -सदस्य

(ग) शाखा अधिकृत, नेपाल कानून आयोग -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले वेवसाइटमा रहेका सामग्रीहरुलाई व्यवस्थित गरी उक्त सामग्रीहरुलाई अद्यावधिक र त्रुटिरहित बनाउने सम्बन्धमा आवश्यक सुझाव, सल्लाह, सहयोग र समन्वयको कार्य गर्नेछ ।

१३. **<u>प्रकाशन सम्बन्धमा आयोगले निर्णय गर्ने सक्ने</u> :** (१) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि वेवसाइटमा प्रकाशन गर्न उपयुक्त छ भन्ने लागेमा आयोगले त्यस्तो दस्तावेज वा सामग्री आयोगको वेवसाइटमा प्रकाशन गर्ने निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय भएको यथाशिघ्र त्यस्तो सामग्री तयार गरी आयोगको वेवसाइटमा प्रकाशित गरिनेछ ।

नेपाल कानून आयोग